# झापा जिल्ला अदालतबाट प्रकाशित

## १५ दिने सूचना

### (विगो नं.८७ तहसिल शाखा)

सूचना । सूचना ।। सूचना ।।।

दरखास्तवाला/वादी जिल्ला झापा गौरादह नगरपालिका वडा नं ४ हाल परिवर्तित ऐ.ऐ.वडा नं.३ बस्ने गणेश के.सी. प्रतिवादी तपाँई भएको मुद्दा नं. ०७४-CP-००३७ को लेनदेन मुद्दामा झापा जिल्ला अदालतको मिति २०७५/०२/१४ को फैसला बमोजिम ठहरेको साँवा रु ४५,००,०००।– सो को लिखत मिति २०७२।१२।१२ देखि भरि भराउ मितिसम्मको बार्षिक १०% ले हुने व्याज रु १६,३८,७५०.००।– कोर्ट फी रु.५४,८२०/-, र विगोको भरी भराउ मितिसम्मको नपुग कोर्ट फी रु १०,३३७.५०।- समेतको जग्मा बिगो रु ६२,०३,९०७.५०।- दिलाई भराई पाउँ भनी वादीको झापा जिल्ला अदालतमा दरखास्त परी फैसला कार्यान्वयनको सिलसिलामा तपाईलाई जारी भएको ३५ दिने म्याद मिति २०७५/०९/०२ मा पत्रिकामा रीतपूर्वक तामेल भई निर्दिष्ट मितिभित्र तपाईले सो रकम दाखेला नगरेको हुँदा यो १५ दिने सूचना प्रकाशित गरिएको छ । उक्त जेथाको पंचकृते मूल्य मिति २०७६/०१/०४ मा कायम भईसकेकोले विगोले थामेसम्मको जेथा उक्त पंचकृते मूल्यका दरले लिलाम हुने हुँदा मिति २०७६/०८/०३ गतेको डाक बढाबढ तारेख तोकिएको छ । यो सूचना तपसिल समेतका जगगामा-१, बाह्रदशी गा.पा. ३ नं वडा कार्यालय -१, मालपोत कार्यालय, भद्रपुर-१ तथा यस अदालतको सूचना पाटीमा समेत टाँस गरिएको छ । डाक बढाबढ गर्न इच्छुक महानुभावले मिति २०७६/०८/०३ गते दिनको १० बजे यस अदालतमा उपस्थित भई डाक बढाबढमा भाग लिनुहोला। पंचकृते मूल्य भन्दा बढी जसको डाक बढाबढ हुन्छ उसैले डाक सकार गरिलिन पाउनेछ। आँफूले डाक बोलेको रकमको १०% रकम सोहि दिन अदालतमा चुक्ता बुझाउनु पर्नेछ र बाँकी रकम ७ दिन भित्र बुझाउनु पर्नेछ। सो समयभित्र बाँकी रकम नबुझाएमा पहिले बुझाएको १०% रकम जफत हुनेछ। मूल्य पूरा हुन नआएमा लिलाम बिक्री हुने छैन। लिलामको दिन अदालत बिदा भए त्यसको भोलि पल्ट डाक हुनेछ। अन्य कुनै जानकारी लिनु परे अदालतको समयमा जानकारी लिन सकिने ब्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ।

तपसिलः

| जिल्ला | गा.वि.स | वडा नं. | कि.नं. | क्षेत्रफल(व.मी.) | दर्तावाला | पंचकृते मूल्य | कैफियत |
|---|---|---|---|---|---|---|---|
| झापा | राजगढ | ८ | ३४९४ | ४४७७.७४ | दिनेशप्रसाद अधिकारी | प्रति कठ्ठा रु. २,५०,०००।– दुइ लाख पचासहजार मात्र | |

इति सम्वत् २०७६ असोज ३० गते रोज ५ शुभम्.......................................................